वर्ष : २१, अंक : २९, काठमाडौं, २०८२ मंसिर २६ गते शुक्रबार, 12 December, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## पहिचानवादीहरूबीच एकता



विर्तामोड । नेपालमा पहिचान, स्वशासन र सामाजिक न्यायका मुद्दालाई केन्द्रमा राख्दै राष्ट्रिय मुक्ति पार्टी नेपाल, नेपाल जनमुक्ति पार्टी (एकता पक्षधर) र कोचिला संघर्ष समिति, संघीय लिम्बुवान पार्टी नेपाल बीच पार्टी एकता भएको छ ।

चारै पक्षबीच गहन छलफलपछि जारी गरिएको सम्झौता पत्र राष्ट्रिय मुक्ति पार्टी नेपालका महासचिव सन्तोष मेहताले वाचन गर्दै भने, 'देशको केन्द्रीकृत, एकात्मक र जातीय पक्षपाती राज्य संरचनालाई रूपान्तरण गरी वहुलराष्ट्रिय लोकतान्त्रिक राज्य निर्माण गर्ने संयुक्त लक्ष्य रहेको छ ।'

सम्झौतामा स्वदेशवाद, वहुलराष्ट्रवाद र सामुदायिक समाजवादलाई एकीकृत पार्टीको मूल विचारधाराका रूपमा स्वीकार गरिएको छ। एकीकृत पार्टीको नाम राष्ट्रिय मुक्ति पार्टी नेपाल, र यसै पार्टीको विधान कायम राखिने उल्लेख छ ।

चारै पक्षले लिम्बुवान, कोचिला, मधेस, खम्बुवान, तामाङसालिङ, नेवा, मगरात, थरुहटलगायत पहिचान आधारित स्वायत्त र विशेष राज्यहरूको स्थापना तत्कालीन एजेन्डा हुने स्पष्ट गरेका छन्। साथै राज्यका सबै तहमा जातीय जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न र पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्न माग गरिएको छ ।

सम्झौतामा विगतका आन्दोलन पहिचान - अधिकार आन्दोलनसँग भएका सम्झौता तत्काल कार्यान्वयन गर्न सरकारलाई दबाब दिने सहमति पनि समावेश छ ।

भ्रष्टाचार, औपनिवेशिक मानसिकता र राज्य संरचनामा रहेको अन्याय अन्त्यका लागि कडा अभियान सञ्चालन गर्ने, जेन-जी पुस्ताले उठाएका मुद्दा सम्बोधन गर्ने र यसको निम्ति संविधान २०७२ पुनर्लेखन गर्नुपर्ने उल्लेख छ ।

एकीकृत पार्टीको नेतृत्वमा अध्यक्ष राजेन्द्र महतो, वरिष्ठ नेता सन्जुहाङ पालुङ्वा, उपाध्यक्ष त्रिनारायण राजबंसी र मित्र लिङदेन रहने सहमति भएको छ ।

चारै पक्षले पहिचान, सभ्यता-संस्कृति संरक्षण, स्वशासन र समानताको पक्षमा उभिएका सबै शक्तिलाई वैकल्पिक राजनीतिक ध्रुवीकरणमा सहभागी हुन आह्वान गरेका छन्। सहमति घोषणाको निम्ति भएको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष महतो राष्ट्रिय मुक्ती क्रान्तिको निम्ति अगामी निर्वाचनलाई उपयोग गर्ने बताए ।

## समानुपातिक प्रतिनिधि सभा निर्वाचनमा लोसपा नेपाल दर्ता

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

साइकल छाप

काठमाडौं । आगामी समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत हुने प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२ मा सहभागी बन्न लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल दर्ता भएको छ ।

निर्वाचन आयोगअन्तर्गत रहेको निर्वाचन अधिकृतको कार्यालय, समानुपातिक निर्वाचन प्रणाली शाखाले उक्त दलले मिति २०८२/०८/२२ मा दर्ता निवेदन दर्ता गरेको औपचारिक जानकारी सार्वजनिक गरेको हो ।

कार्यालयका अनुसार सो दलको निवेदन दाखिला नम्बर ४३ मा दर्ता गरिएको छ । दर्ता प्रमाणित गर्ने कर्मचारी प्रकाश सुवेदी, दर्जा शाखा अधिकृतले प्रमाणिकरण गर्दै मिति २०८२/०८/२२ मा दल दर्ताको सूचना जारी गरेका हुन् । निर्वाचन अधिकृतको कार्यालय काठमाडौंमा दर्ता प्रक्रिया सम्पन्न भएको जनाइएको छ ।

## जेनजी लक्षित रोजगारीमूलक कार्यक्रम ल्याउने प्रतिबद्धता



जनकपुरधाम । मधेश प्रदेशका नवनियुक्त अर्थमन्त्री महेश प्रसाद यादवले जेन-जी पुस्ताका युवायुवतीलाई लक्षित गरी स्वयंसेवक प्रशिक्षण, परिचालन तथा रोजगारमूलक कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउने पहिलो निर्णय गरेका छन्।

सोमबार अर्थ मन्त्रालयको पदभार ग्रहण गर्दै मन्त्री यादवले आपतकालीन राहत उद्धारमा आवश्यक पर्ने दक्ष स्वयंसेवक उत्पादन गर्ने उद्देश्यले युवायुवतीलाई प्रशिक्षण दिई परिचालन गर्ने कार्यक्रम सञ्चालन गरिने जानकारी दिए। सोही कार्यक्रमलाई रोजगारसँग जोड्दै प्रभावकारी बनाइने उनले बताए ।

मन्त्री यादवका अनुसार प्राकृतिक विपद्, दुर्घटना तथा अन्य आपतकालीन अवस्थाको सामना गर्न प्रदेशस्तरमा प्रशिक्षित जनशक्ति अभाव रहेको भन्दै जेन-जी पुस्तालाई केन्द्रमा राखेर स्वयंसेवक कार्यक्रम अघि बढाइनेछ। यसका लागि आवश्यक बजेटको व्यवस्थापन मन्त्रालयले गर्ने प्रतिबद्धता पनि उनले जनाए।

## 'मधेशवादी दलको कुकर्मले मधेश बदनाम र उजाड बन्यो'



महोत्तरी । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले मधेशवादी दलको कुकर्मले मधेश बदनाम र उजाड बनेको बताएका छन् ।

महोत्तरीको बर्दिवासमा शुक्रबार आजपा महोत्तरी क्षेत्र नं. १ को क्षेत्रिय भेलालाई सम्बोधन गर्दै अध्यक्ष साहले समृद्ध मधेश बनाउने चाहना र इच्छाशक्ति मधेशवादी दलमा नभएको टिप्पणी गरे ।

'अहिले तपाईहरु हेर्नुहुन्छ भने मधेशवादी दलहरुको कुकर्मले मधेशलाई बदनाम गर्ने, उजाड बनाउने काम भएको छ । मुख्यमन्त्री र सरकार बनाउने खेलमा लागेका छन् । सरकार बनाउने र गिराउने खेलले मधेश समृद्ध हुदैन,' आजपा अध्यक्ष साहले भने, 'मधेशलाई उजाड बनाउनेले मधेशलाई समृद्ध बनाउने योजना ल्याउनुपर्थ्यो तर यि मधेशवादी भनाउदाहरु केवल सरकार बनाउने, गिराउने खेलमा लागेका छन ।'

मधेशलाई समृद्ध बनाउने कुनै पनि योजना मधेशवादी दलहरुसंग नभएको बताउदै उनले सत्तामा रमाउन नयाँनयाँ गठबन्धन बनाउने र भत्काउने खेलमा रमाउन थालेको बताए । मावन विकास सूचांकमा मधेश सबैभन्दा पछाडी रहेको भए पनि सरकारले त्यस बारेमा कुनै चासो नराखेको उनले बताए ।

'मधेशवादी दलहरुको विगत र वर्तमान स्पष्ट छ । केन्द्रदेखी प्रदेशसम्म केवल सरकारमा जाने र रमाउने बाहेक अरु केही उपलब्धि छैन् । मधेशलाई उजाड बनाउनेहरुले मधेशलाई समृद्ध बनाउन के गरे ? गम्भिर प्रश्न रहेको छ । यस बारेमा हामी सचेत भएनौ भने मधेशलाई यिनीहरुले कंगाल बनाउने छन । आउने निर्वाचनमा सचेत भएर मतदान गर्न आवश्यक छ,' आजपा अध्यक्ष साहले भने ।

मधेशको शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी लगायतका विविध समस्याका बारेमा मौन बस्ने मधेशवादी दलहरु सत्ताका लागि जस्तो सुकै सम्झौता गरेर सरकारमा सहभागि हुने तर काम नगर्ने कारणले आज मधेशका जनता निराश भएको उनले बताए ।

जनताको चाहना, आवश्यक्ता र अहिलेको चुनौति एवं समस्याका बारेमा आम जनता पार्टीले निरन्तर रुपमा आवाज उठाउदै आएको बताउदै आजपा अध्यक्ष साहले आम जनतालाई केन्द्रमा राखेर अगाडी बढीरहेको बताए । आउने दिनमा आम जनताको चाहना, र आवश्यक्ता अनुसार शिक्षा, स्वास्थ्य, यातायाात, खानेपानी, सिँचाई लगायतको विकासका लागि आम जनता पार्टीले ठोस काम गर्ने प्रतिबद्धता उनले व्यक्त गरे ।

## महोत्तरी-२ बाट भण्डारी सिफारिस



महोत्तरी । आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले महोत्तरी निर्वाचन क्षेत्र नम्बर-२ बाट पार्टीका वरिष्ठ नेता शरत सिंह भण्डारीको नाम प्रत्यक्षतर्फ एकल रूपमा सिफारिस गरेको छ ।

पार्टीको क्षेत्रीय भेलाले भण्डारीलाई प्रतिनिधि सभा सदस्यका लागि सर्वसम्मत उम्मेदवारका रूपमा सिफारिस गर्ने निर्णय गरेको हो । भेलामा सहभागी नेताहरूले महोत्तरी-२ मा पार्टीलाई सशक्त रूपमा अघि बढाउन भण्डारी उपयुक्त उम्मेदवार भएको निष्कर्ष निकालेका छन् ।

लोसपाका नेताहरूले भण्डारीको लामो राजनीतिक अनुभव, संगठन निर्माणमा खेलेको भूमिका तथा मधेसका मुद्दामा देखाएको प्रतिबद्धताका आधारमा एकल नाम सिफारिस गरिएको बताएका छन् । क्षेत्रीय भेलाको निर्णयसँगै उक्त नाम पार्टी केन्द्रीय समितिमा पठाउने तयारी गरिएको छ ।

## सरकार र जेनजीबीच भएको सम्झौता अस्वीकार्य छ : कमन जेनजी अध्यक्ष



काठमाडौं । जेनजी आन्दोलनबारेमा प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकार र जेनजीबीचमा भएको सम्झौता कमन जेनजी नेपाल अस्वीकार गरेको छ ।

सरकारद्वारा हालै प्रस्तुत गरिएको सम्झौतापत्रले जेनजी जनआन्दोलनको वास्तविक मर्म, मुद्दा र जनआवाजलाई पूर्ण रूपमा वेवास्ता गरेको कमन जेनजी नेपालका अध्यक्ष विकेश साहले जनाएका छन् ।

'फेक आईडीबाट बनेको सुशीला सरकारले अझै पनि आफ्नै निर्देशनमा चल्ने फेक जेनजीहरूलाई राखी गरेको समभ्कौता मान्य छैन । देशव्यापी रूपमा उभिएको परिवर्तनको चाहना, युवाहरूको बलिदान र जनताको भरोसालाई कमजोर बनाउने यस्तो समभ्कौताप्रति कमन जेनजी नेपाल कडा विरोध गर्दछ,' अध्यक्ष साहले जारी गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

सरकारले देशको राजनीतिक संकट समाधान गर्न आवश्यक मूल प्रश्नहरूलाई सम्बोधन गर्न असफल भएको कमन जेनजीले जनाएको छ । निकास दिलाउन असफल सुशीला सरकारले बाहिरी शक्तिको निर्देशनमा निर्वाचन गराउन् जेनजी आन्दोलनप्रतिको धोखा भएको कमन जेनजीले जनाएको छ ।

जेनजी आन्दोलनको मागलाई प्रत्यक्ष सम्बोधन नगर्ने, भ्रष्टाचारी र हत्यारालाई उन्मुक्ति दिने र युवाहरूको बलिदानमाथि अवहेलना गर्ने कुनै पनि गतिविधि आफूहरुलाई अस्वीकार्य रहेको साहले जनाएका छन् ।

साथै बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै कमन जेनजी नेपालका अध्यक्ष साह सहितका जेनजी अगुवाहरुले सो सम्झौताको प्रतिलिपि च्यातेका छन् ।

जेनजी हत्यारा, भ्रष्टाचारीलाई कारबाही गर्नुपर्ने, जेनजी आन्दोलनकारीलाई धरपकड बन्द गर्नुपर्ने र पक्राउ परेकालाई रिहाई गर्नुपर्ने लगायतका माग गर्दै कमन जेनजी नेपालले शुक्रबार बीरगंजमा खबरदारी बाइक र्यालीको आयोजना गरेको छ ।

## सम्पादकीय

# लैंगिक हिंसाविरुद्धको अभियान कति सार्थक ?

नेपालले महिला विरूद्ध हुने सबै खाले भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ लाई १९९१ मा अनुमोदन गरेको छ। सन् १९९५ मा संयुक्त राष्ट्रसंघले चीनको बेइजिङमा आयोजना गरेको चौथो विश्व महिला सम्मेलनमा लैंगिक मूलप्रवाहीकरणलाई प्रमुख रणनीतिमा राखेको छ। संयुक्त राष्ट्रसंघले लैगिंक समानता र सशक्तिकरणलाई दिगो विकासको लक्ष्यमा समेत राखेको छ।

तराई-मधेशमा 'दहेज' प्रथा यत्ति व्याप्त छ कि ५/१० लाख केटा पक्षलाई दिनु त सामान्य मानिन्छ। यही दहेज लिने दिने प्रथाले गर्भमै लिंग परीक्षण गरी छोरी भएमा गर्भपतन गराउनेको संख्या दिनानुदिन बढ्दै गईरहेको छ। यस्ता समस्यालाई यो अभियानले छुन सकेको देखिदैन। दाइजो कम ल्याएको निहुँमा शारीरिक तथा मानसिक यातना दिनु र आत्महत्या गर्ने अवस्थासम्म पुऱ्याउने पुरूषलाई यो अभियानले चेतना दिन सकेको छैन भने महिलाहरूको अधिकारको विषयमा समेत सचेतना फैलाउन आवश्यक ठानेको देखिदैन।

नेपालको संविधानले मानिसहरूका बीचमा लिङ्ग, जातीय उद्गम, रङ, राजनीतिक आस्था वा धार्मिक झुकाव वा यौनिक झुकाव जस्ता कुनै पनि आधारमा विभेद गर्न नपाइने कुरालाई आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरेको छ। महिला पुरूष दुवैलाई राज्यद्वारा प्रदत्त हक अधिकार उपभोग गर्ने र समान रूपमा कानुनी संरक्षण प्राप्त हुने व्यवस्था नेपालको संविधानको धारा १८ मा छ। समानताको हक अन्तर्गत यस धाराको उपधारा (१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने व्यवस्था छ। त्यसैगरी उपधारा (२) मा सामान्य कानुनको प्रयोगमा लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्थालगायत अन्य कुनै पनि आधारमा भेदभाव नगरिने व्यवस्थाले महिलालाई पुरूष सरह हरेक हक प्राप्तिमा समान बनाएको छ।

महिलाको विशेष प्राकृतिक अवस्थाले गर्दा उनीहरूलाई केही विशेष प्रकारका हकहरू पुरूषलाई भन्दा छुट्टै रूपमा प्रदान गरिनु पर्छ। त्यसैले संविधानले महिला वर्गको हकलाई संविधानको मौलिक हक खण्डको धारा ३८ (२) मा "महिलाको हक" अन्तर्गत "प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ' भन्ने व्यवस्था गरिएको छ।

यसरी नेपालको संविधानले महिलामाथि कुनै विभेद गर्न नहुने, बोक्सी प्रथा, छाउपडी प्रथा जस्ता कुप्रथाहरू अन्त्य भएको घोषणा गरेको लामो समय भयो। महिलाका सवालहरूमा दिनहुँ सभा, सम्मेलन, गोष्ठीको आयोजना गर्ने गरिन्छ, विभिन्न गैरसरकारी संस्थाको सहयोगमा महिलाका सवालहरूमा होटेलका कोठाहरूमा कार्यक्रमहरू आयोजना गरिन्छ र त्यही समस्या यस्ता छन् भनेर उठाइन्छ र समाधानका उपायहरू निकालिन्छ तर ती सभाहरूले निकालेका निष्कर्ष अपेक्षित समुदायसम्म पुगेको छ कि छैन त्यसको निगरानी कसले गर्ने ?

महिला हिंसा विरुद्धमा हुने अभियानहरूको प्रभावकारिताका सवालमा अनुगमन कसले गर्ने ? संविधानमा जे लेखिए पनि जति नै अभियान चलाइए पनि जबसम्म पुरूषले महिलाका सवालहरूमा बोल्दैनन्, महिलाहरू आर्थिक, शैक्षिक रूपमा सक्षम बन्दैनन् छोरा र छोरी समान हुन् भन्ने चेतना समाजमा फैलाउन सकिदैन तबसम्म महिलाका सवालमा गरिने हरेक बहस, छलफल, सभा, सम्मेलनको कुनै औचित्य रहँदैन।

### सन्दर्भ ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस

# भाद्र २३ को दमन/हत्या र २४ को ध्वंशका जिम्मेवारहरुलाई कारवाही गर

(७७ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा मानव अधिकार तथा शान्ति समाजद्वारा २०८२ मंसिर २४ को सेरेफेरोमा आयोजित नागरिक संवाद कार्यक्रममा प्रस्तुत अवधारणा पत्र)




१. भय र अभावबाट मुक्तिको उपभोग गर्न पाउने विश्वको सिर्जना सर्वसाधारण जनताको घोषित सर्वोच्च आकांक्षा भएको स्पष्ट गर्दैअत्याचार र दमन बिरुद्ध अन्तिम उपायका रुपमा बिद्रोह गर्न मानिसहरु बाध्य नहुन भन्नका लागि, कानुनी शासनद्वारा मानव अधिकारको संरक्षण गर्नु अत्यावस्यक भएको उल्लेख गर्दै १० डिसेम्बर १९४८ का दिन संयुक्त राष्ट्रसंघ महासभाले मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो।

२. मानव अधिकार संरक्षणका लागि कानुनी शासन अनिवार्य छ भने समाजमा शान्ति र सद्भाव कायम राख्न सुशासन अत्यावस्यक छ।मानव अधिकार उल्लङ्घनकर्ताहरुलाई दण्डित गर्नु नै अर्को मानव अधिकार उल्लङ्घनलाई रोक्न योगदान गर्नु हो।दण्डहीनताको निरन्तरताले कानुनी शासनको मान्यतामा घात पुर्याउछ। नेपाल सन्दर्भमा २०४६ र २०६३ सालको जनआन्दोलन पश्चात जनधनको क्षति तथा मानव अधिकार उल्लंघनमा जिम्मेवारहरुलाई कारवाहि गर्न मल्लिक आयोग र रायमाझी आयोग गठन भएता पनि ती आयोगका सिफारिसहरु कार्यन्वयन भएको देखिएन न त मानव अधिकार उल्लङ्घनकर्ताहरु माथि कारवाही नै भयो।

३. पछिल्लो चरणमा २०८२ भदौ २३ मा राज्यद्वारा भएको वर्वर दमन/हत्यामा जिम्मेवार तत्कालिन सरकार प्रमुख लगायतलाई अहिलेसम्म कारवाही भएको छैन भने सो हत्याको विरुद्ध उत्पन्न तीव्र आक्रोसको आडमा भदौ २४ मा भएको ध्वंसका सुत्रधारहरुको अहिलेसम्म पहिचान नै गर्न सकेको देखिदैनायद्धपि भदौ २३ र २४ गतेको घटनाबारे अनुसन्धानका लागि उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन भएको छ र त्यसरी गठित आयोगले कसैको दवाव/प्रभावमा नपरी निस्पक्ष र स्वतन्त्र रुपमा कार्यसम्पादन गर्नुपर्छ।

४. विगत ३५ वर्षको इतिहाँस हेर्दा मानव अधिकारप्रति राज्य/समाज साच्चै गम्भिर भएको भए मानव अधिकार उल्लङ्घनकर्ताहरु राज्यबाट बारम्बार पुरष्कृत हुने थिएनन। दण्डहीनताको यो कहालिलाग्दो सिलसिला नै नेपालमा मानव अधिकार संस्कृति निर्माणमा प्रमुख बाधक देखिन्छ।

५. २०८२ भदौ २३ गते जेनजी द्वारा आब्हान गरिएको प्रदर्शन मुलत भ्रष्टाचार विरुद्ध थियो, दण्डहीनता बिरुद्ध थियो, सुशासन र स्वतन्त्रताका लागि थियो भन्ने शान्ति समाजको बुझाई छ। भ्रस्टाचारले आक्रान्त राज्यका पुर्जाहरुका कारण आम नागरिकले भोग्नु परेको सास्ती बिरुद्ध युवा पुस्ताको विद्रोह थियो। तसर्थ कुसासन र भ्रस्टाचारमा जिम्मेवार विशेषत विभिन्न दलका शिर्ष नेताहरुलाई कानुन सम्मत कारवाही सुनिस्चित गर्नु जेनजी आन्दोलनको माग र अहिलेको आवस्यकता हो।तर दुखको कुरा जेनजी आन्दोलनको जगमा बनेको अन्तरिम सरकारले त्यस दिसामा अहिलेसम्म ठोस कदम चालेको देखिदैन।

६. कुशासनमा लिप्त केहि नेताहरु जस्का कारणले देशमा जनधनको यत्रो क्षति भई असामान्य स्थिति उत्पन्न भयो, जसका कारणले नागरिक आक्रोश चुलियो, तिनैको राजनीतक वर्चस्व कायम रहिरहँदा अर्को अनर्थको सम्भावना र हाल प्राप्त उपलब्धिहरु समेत गुम्न सक्ने खतरा प्रति गम्भीर चिन्ता व्यक्त गर्दै मानव अधिकार तथा शान्ति समाज भ्रस्टाचार र कुशासनमा लिप्त त्यस्ता नेताहरुलाई कानुनी कारवाही सुनिस्चित गर्न पुन आग्रह गर्दछ।यसै गरी खराब र इतिहाँसमा कलंकित नेताहरुलाई शिरमा राखेर हिंड्दा नागरिक आक्रोशको निसानामा प्रमुख राजनीतिक दलहरु पर्ने सत्यलाई सम्बन्धित दलहरुले बेलैमा बुझ्नु आवश्यक छ।



७. सुशासन र स्वतन्त्रताका लागि भएको आन्दोलनको राप र तापलाई दुरुपयोग गरेर कतै लोकतन्त्रको घाटी निमोठ्ने र निरंकुसता लाद्ने षड्यन्त्र त कुनै कोणबाट भैरहेको छैन भन्ने तर्फ जेनजी पुस्ता स्वयं सचेत हुनु आवस्यक छ। लोकतन्त्रको विकल्प वंशतन्त्र वा सैन्यतन्त्र कदापि हुन सक्दैन।

८. यसैगरी दमन/हत्यामा जिम्मेवार नेता विभिन्न दलहरुको नेतृत्वमा रही रहनु मानव अधिकारको सबैभन्दा ठुलो उपहास हो।लोकतन्त्रको आवरणमा भ्रस्ट र कुशासनमा लिप्त नेताहरुको बर्चस्व कायम रहिरहनु नै लोकतन्त्रका लागि सबै भन्दा ठुलो खतरा हो।

९. २०८२ भदौ २३ गते जेनजी आन्दोलनका दौरान भएको दमन र हत्यामा जिम्मेवार प्रमुख पात्रहरु र भदौ २४ गते भएको ध्वंस,आगजनी, लुटपाट र तोडफोडमा जिम्मेवारहरूलाई कानुनी कारवाही सुनिस्चित गरि मानव अधिकार संस्कृति निर्माण रसमाजमा भयरहित वातावरण सिर्जना हेतु योगदान गर्न मानव अधिकार तथा शान्ति समाज सरकारलाई आग्रह गर्दछ।सार्वजनिक सम्पति माथिको आगजनी, तोडफोड र लुटपाट जो कसैले गरेपनि यस्तो कृत्य राज्य बिरुद्दको अपराध हो भन्ने धारणा शान्ति समाजराख्दछ। त्यसैले त्यस्ता घटनामा संलग्न दोषीलाई कारबाही गर्नुपर्छ ताकी भविष्यमा यस्ता घटनाहरु दोहोरिन नपाउन।

१०. मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २१ को उपधारा ३ मा "जनताको इच्छा नै सरकारको अख्तियारीको आधार हुनेछ। यो इच्छा विश्वव्यापी र समान मताधिकारद्वारा हुने आवधिक र निष्पक्ष निर्वाचनहरु द्वारा अभिव्यक्त गरिनेछ" भन्ने प्रष्ट छ।तसर्थ निस्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा शिघ्र निर्वाचन सम्पन्न गरि लोकतन्त्रको शास्वत मूल्यलाई जीवन्त राख्न सम्बन्धित सबैलाई शान्ति समाज आग्रह गर्दछ।

# ‘नयाँ नेतृत्व लिएर चुनावका लागि जनतामा जाने हो भने महाधिवेशन समयमै हुनुपर्छ’

**महाधिवेशन गर्न सकिँदैन भने विशेष महाधिवेशन गरेर भए पनि पार्टीलाई वैधानिकता दिनुपर्छ र निर्णयमा पुग्नुपर्छ। पार्टीलाई संवैधानिक संकटबाट बचाउन र विधि विधानमा हिँडाउन उहाँले निरन्तर ‘लविङ’ गर्नुभएको छ। उहाँले ‘स्ट्यान्ड’ नलिएको भए पार्टीमा अझ ठूलो विचलन वा द्वन्द्व आउन सक्थ्यो। उहाँले पार्टीलाई दुर्घटनाबाट बचाउन समन्वयकारी भूमिका खेल्नुभएको हो, जसलाई कमजोरी ठान्न मिल्दैन।**



**डिकबहादुर लिम्बू**

**नेपाली कांग्रेस, मोरङका सभापति तथा पूर्वयुवा तथा खेलकुदमन्त्री**

**० जेनजी आन्दोलन र नयाँ पुस्ताको कुरा उठिरहँदा पनि उम्मेदवार सिफारिसमा फेरि तिनै पुराना अनुहार र ७० कटेका नेताहरूकै वर्चस्व देखियो। कांग्रेसमा युवा आउन नचाहेका हुन् कि बाटो छेकियो ?**

– यो क्षेत्र विशेषको अवस्था र आवश्यकता अनुसार फरक पर्ने कुरा हो। सम्बन्धित क्षेत्रका युवा साथीहरूको चासो, जिज्ञासा र अपेक्षामा यो भर पर्छ। उम्मेदवार जबर्जस्ती उठाएरमात्र हुँदैन। कतिपय ठाउँमा युवाहरूले अवसर नपाएको गुनासो छ भने कतिपय ठाउँमा उनीहरूको रुचि कम देखिएको पनि हुन सक्छ, तर, उम्मेदवार सिफारिस गर्ने भनेको तल्लो तह (क्षेत्रीय समिति, महासमिति सदस्य, प्रदेश प्रतिनिधि) का साथीहरूले छलफल गरेर पठाउने कुरा हो। त्यसलाई हामीले सकारात्मक रूपमा लिनुपर्छ।

जेनजी समूहका उम्मेदवार कम आए भन्ने कुरा केही हदसम्म सत्य देखिए पनि हामीले युवाहरूलाई अभ्यस्त गराउँदै लाने नीति लिएका छौँ। पार्टीको विधानमै १५ प्रतिशत युवा सहभागिता सुनिश्चित गरिएको छ। कतिपय ठाउँमा युवाहरूले त्योभन्दा बढी अवसर पनि पाएका छन्। तर, ‘बुढो’ भनेर कसलाई भन्ने ? शेरबहादुर देउवाजी सुरुदेखि आन्दोलनमा हुनुहुन्छ, उहाँ अझै सक्रिय हुनुहुन्छ। काम गरिरहेको मान्छेलाई उमेरले मात्र छेक्दैन। यद्यपि, मेरो क्षेत्र (मोरङ) मा हेर्नुभयो भने डा. शेखर कोइराला, डा. सुनिल शर्मा लगायतका नाम सर्वसम्मत आउँदा मेरो क्षेत्रमा पनि युवा र पुरानाको मिश्रण भएर सिफारिस आएको छ।

**० पटक-पटक मन्त्री र सांसद भएकाहरू नै दोहोरिँदा नयाँले कहिले पालो पाउने ? एउटै व्यक्तिलाई कति पटक अवसर दिने भन्ने विषयमा कांग्रेसभित्र असन्तुष्टि छैन ?**

– यो एकदमै गम्भीर विषय हो। पार्टी सञ्चालन गर्न विधानमै व्यवस्था नभएसम्म यस्ता कुरा रोक्न गाह्रो हुँदो रहेछ। उदाहरणका लागि वडादेखि केन्द्रसम्म नै एउटै तहको पार्टी सभापति दुई पटकभन्दा बढी पाइँदैन भन्ने विधानमा छ। तर, सांसद, मन्त्री वा प्रधानमन्त्री कति पटक हुन पाउने भन्नेबारे स्पष्ट व्यवस्था छैन।

हामीले पार्टीभित्र पटक-पटक छलफल गरेका छौँ कि हारेपछि दुई पटकभन्दा बढी टिकट नदिने वा निश्चित अवधि तोक्ने, तर कार्यान्वयनमा जटिलता छ। कार्यकर्ता र जनताले विश्वास गरेसम्म नेताहरूले चुनाव लडिरहने परिपाटी छ। ८० वर्ष पुग्दा पनि, ७५ वर्ष पुग्दा पनि जनताले पत्याइरहेका छन्। त्यसैले यसलाई व्यवस्थित गर्न पार्टीको विधान र नीतिमै बाँधेर ल्याउनुपर्छ भन्ने हाम्रो जोड छ।

**० महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पुस्तान्तरणको कुरा जोडदार रूपमा उठाइरहनुभएको छ। योचाहिँ केन्द्रीय सभापतिमा मात्रै भनेको जस्तो देखिएको छ। तल्लो तहमा हेर्दा रूपान्तरणको खासै गुञ्जायस देखिएन नि ?**

– अहिले वडा तहको नेतृत्व हेर्नुभयो भने लगभग ८० प्रतिशतभन्दा बढी नेतृत्व ३० वर्ष मुनिका वा ४० वर्ष मुनिका युवा आउने देखिन्छ। यसले एउटा सकारात्मक सन्देश दिनेछ। एकैचोटी सबै परिवर्तन हुन सक्दैन, तर समयले माग गरेअनुसार युवाहरू नेतृत्वमा आउँदैछन्।

मोरङकै कुरा गर्दा पनि सिनियर नेताहरूले आफू माथिल्लो तहमा जाने र तल्लो तह युवालाई छोड्ने अभ्यास सुरु भएको छ। पार्टीले युवाहरूलाई सदस्य, प्रतिनिधि बनाएर अभ्यस्त बनाउँदै लगेको छ। नेतृत्वमा पुग्ने मान्छे परिपक्व र विश्वास जित्न सक्ने हुनुपर्छ। युवा हुँदैमा सबैले पत्याउँछन् भन्ने छैन, तर एउटा वातावरण भने बनेको छ।

**० १५औँ महाधिवेशनमा सभापतिको रूपमा तपाईं कसलाई अघि सार्दै हुनुहुन्छ ? डाक्टर शेखर, महामन्त्री गगन थापा, उपसभापति पूर्णबहादुर खड्का, चन्ऽ भण्डारीलगायतले सभापतिमा उठ्ने भन्नुभएको छ। तपाईंलाई कांग्रेसको सभापति को हुनुपर्छ भन्ने लाग्छ ?**

– डा. शेखर कोइराला १४औँ महाधिवेशनमा पनि सभापतिको प्रत्यासी हुनुहुन्थ्यो र सम्मानजनक मत प्राप्त गर्नुभएको थियो। उमेर, अनुभव र पार्टीभित्रको योगदानका हिसाबले उहाँ अहिलेको उपयुक्त पात्र हुनुहुन्छ। उहाँलाई देशव्यापी रूपमा कार्यकर्ताले रुचाएको र मध्यमार्गी धारलाई नेतृत्व गर्न सक्ने क्षमता भएको नेताका रूपमा हामीले लिएका छौँ। अहिलेको आवश्यकता भनेको ‘युवा जोश र पुरानो अनुभव’को मिश्रण हो।

१४औँ महाधिवेशनमा शेखर दाइ र गगनजी एउटै प्यानलबाट लड्नुभएको थियो। १५औँ महाधिवेशनमा पनि उहाँहरू एकै ठाउँमा उभिनुपर्छ भन्ने हाम्रो धारणा हो। कसैले सभापति र कसैले प्रधानमन्त्रीको नेतृत्व गर्ने गरी समझदारी गरेर जाँदा पार्टीलाई फाइदा हुन्छ। शेखर कोइरालाको परिपक्वता र गगन थापाको लोकप्रियतालाई जोडेर लैजान सकियो भने कांग्रेस बलियो हुन्छ।

**० १५औँ महाधिवेशनमा सभापतिको रूपमा डा. शेखर कोइराला नै किन ? उहाँको क्षमता र भूमिकामाथि पनि त प्रश्न उठ्ने गरेको छ नि ?**

– हेर्नुस्, डा. शेखर कोइराला १४औँ महाधिवेशनमा पनि सम्मानजनक मत प्राप्त गरेको नेता हो। उहाँ उमेरका हिसाबले ७० को हाराहारीमा भए पनि विचार र दृष्टिकोणले परिपक्व हुनुहुन्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा, उहाँले युवा पुस्तालाई सधैँ सुन्ने र स्पेस दिने गर्नुभएको छ। यसको ज्वलन्त उदाहरण– संसदीय दलको नेताको चुनावमा उहाँले नै गगन थापालाई प्रस्ताव गर्नुभयो। पुस्तान्तरण र रूपान्तरणको मुद्दा उहाँले नै उठाउँदै आउनुभएको हो।

अहिलेको परिस्थितिमा उहाँ अनुभव, उमेर र पार्टीभित्रको स्वीकार्यताका हिसाबले सबैभन्दा ‘उपयुक्त पात्र’ हुनुहुन्छ। उहाँसँग पार्टीभित्रको सबै धारलाई मिलाएर लान सक्ने क्षमता छ। जिम्मेवार हिसाबले पार्टीलाई एकढिक्का बनाएर लैजाने क्षमता उहाँमा देखिन्छ। त्यसैले शेखर कोइरालालाई सभापति र गगन थापा लगायतका युवा साथीहरूलाई अन्य महत्त्वपूर्ण जिम्मेवारी (जस्तै प्रधानमन्त्री वा कार्यकारी भूमिका) मा व्यवस्थापन गरेर जाँदा पार्टी र देश दुवैलाई फाइदा हुन्छ।

**० तर, जेनजी आन्दोलनपछि बसेको कांग्रेसको केन्द्रीय समिति बैठक लामो समय डेडलकमा फस्दा डा. कोइरालाले निकासका लागि उपयुक्त भूमिका खेल्न सक्नुभएन भन्ने आलोचना पनि छ। उहाँ मौन बस्नुभयो होइन र ?**

– यो आरोपमा सत्यता छैन। उहाँ मौन बस्नुभएको होइन। डा. कोइरालाले आजभन्दा दुई वर्ष अगाडिदेखि नै ‘२०८२ को मंसिर वा मसान्तभित्र नियमित महाधिवेशन सक्नुपर्छ, खबरदार !’ भनेर नेतृत्वलाई सचेत गराइरहनुभएको थियो। उहाँले स्पष्ट भन्नुभएको थियो- यदि नियमित महाधिवेशन गर्न सकिँदैन भने विशेष महाधिवेशन गरेर भए पनि पार्टीलाई वैधानिकता दिनुपर्छ र निर्णयमा पुग्नुपर्छ। पार्टीलाई संवैधानिक संकटबाट बचाउन र विधि विधानमा हिँडाउन उहाँले निरन्तर ‘लविङ’ गर्नुभएको छ। उहाँले ‘स्ट्यान्ड’ नलिएको भए पार्टीमा अझ ठूलो विचलन वा द्वन्द्व आउन सक्थ्यो। उहाँले पार्टीलाई दुर्घटनाबाट बचाउन समन्वयकारी भूमिका खेल्नुभएको हो, जसलाई कमजोरी ठान्न मिल्दैन।

**० महामन्त्री गगन थापा र डा. कोइरालाबिच पनि कुरा मिलेको त देखिँदैन नि ?**

– बाहिर चिया पसलमा वा सामाजिक सञ्जालमा आएका हल्लाजस्तो उहाँहरूबिच विमति छैन। उहाँहरूबिच पटक-पटक ‘वान टु वान’ छलफल भइरहेको छ। दुवै जना एउटै ठाउँमा बसेर ‘पार्टीको बाटो यो हो, यसरी जानुपर्छ’ भनेर समझदारी गरिरहनुभएको छ। शेखर दाइ र गगनजी १४औँ महाधिवेशनमा एउटै प्यानलबाट लड्नुभएको हो र १५औँ मा पनि उहाँहरू मिलेरै जानुपर्छ भन्ने हाम्रो बुझाइ छ। सिनियर नेता र युवा जोशको यो ‘कम्बिनेसन’ नै कांग्रेसको जित्ने सूत्र हो।

**० तोकिएको समय पुस २६, २७ र २८ मा महाधिवेशन हुने सम्भावना कति देख्नुहुन्छ ?**

– कांग्रेसको विधानअनुसार ४ वर्षमा महाधिवेशन हुनुपर्ने हो। विधानले दिएको सुविधा प्रयोग गर्दा केही समय थप्न सकिएला, तर अनन्तकालसम्म लम्ब्याउन मिल्दैन। यदि समयमै महाधिवेशन भएन भने पार्टीको वैधानिकतामाथि नै प्रश्न उठ्छ। त्यसैले जहाँ-जहाँ क्रियाशील सदस्यता वा अन्य विवाद छन्, त्यहाँको गाँठो फुकाएर महाधिवेशनको प्रक्रियामा जानुको विकल्प छैन। नयाँ नेतृत्व लिएर चुनावका लागि जनतामा जाने हो भने महाधिवेशन समयमै हुनुपर्छ।

**० तपाईं आफैँ पनि पटक-पटक सांसद र मन्त्री भइसक्नुभयो। आगामी निर्वाचनमा फेरि उम्मेदवार बन्ने कि विश्राम लिने ?**

– मैले चार पटक चुनाव लडेँ, दुई पटक हारेँ र दुई पटक जितेँ। मेरो क्षेत्रका जनता र कार्यकर्ताले मलाई विश्वास गरेका छन्। मैले जति विकास निर्माणको काम गरेको छु, त्यो अन्य क्षेत्रको तुलनामा कम छैन भन्ने मेरो दाबी छ। त्यसैले आगामी निर्वाचनमा पनि म उम्मेदवार बन्नेछु र फेस गर्नेछु। राजनीतिमा जनताको विश्वास रहेसम्म काम गर्ने हो। मैले युवाहरूलाई पनि साथमा लिएर अघि बढ्ने योजना बनाएको छु।

**० खेलकुदमन्त्री हुँदा खासै उल्लेख्य काम गर्न सक्नुभएन भन्ने आरोप छ नि ?**

– यो आरोपमा सत्यता छैन। म मन्त्री हुँदा मन्त्रालयको बजेट जम्मा २ अर्ब थियो, जुन अघिल्ला मन्त्रीहरूले नै बाँडफाँट गरिसक्नुभएको थियो। कर्मचारीको तलब भत्तामै धेरै बजेट जान्थ्यो, तर मैले हार मानिनँ। मैले राष्ट्रिय गौरवका आयोजनाका रूपमा विराटनगरको क्रिकेट रङ्गशाला, चितवनको गौतमबुद्ध क्रिकेट रङ्गशाला र मूलपानी क्रिकेट मैदानलाई अघि बढाएँ। मन्त्रालयको बजेट बढाएर साढे १५ अर्ब पुऱ्याउने काम गरेँ, तर मैले बजेट विनियोजन गर्ने बेलासम्म काम गर्न पाइनँ। छोटो अवधिका लागिमात्रै मन्त्री बन्दा काम नभएको हो कि भन्ने जनताले भनेका होलान्, तर वस्तुगत अवस्था त मेरो काम गर्ने, काम देखाउने अवस्था नै भएन। यद्यपि मैले राष्ट्रिय खेलकुद परिषदमा वर्षौंदेखि एउटै पदमा रहेका कर्मचारीको वृत्ति विकासका लागि काम गरेँ। छोटो समय र सीमित स्रोतका बाबजुद मैले खेलकुद क्षेत्रको दीर्घकालीन विकासका लागि जग बसाल्ने काम गरेको छु।

**० अबको पार्टी राजनीतिमा तपाईंको भूमिका के हुन्छ ? जिल्ला सभापतिबाट केन्ऽीय पदाधिकारीमा जाने कि प्रदेशमा जाने ?**

– मैले कोशी प्रदेशको पार्टी सभापतिमा उम्मेदवारी दिने इच्छा राखेको छु। म मोरङ जिल्लाको तीन पटक सभापति भएर काम गरिसकेको छु। अबको मेरो चाहना भनेको प्रदेशको नेतृत्व गर्ने हो। यद्यपि, यसबारे मेरो टिम र साथीहरूसँग सघन छलफल गर्न बाँकी छ। साथीहरूको सल्लाह र सुझावका आधारमा म अघि बढ्छु। मेरो व्यक्तिगत इच्छा र तयारीचाहिँ कोशी प्रदेश सभापतिमा लड्ने नै छ। -*रातोपाटीबाट*

# देशैभरि जिल्ला प्रशासन अगाडि जसपा नेपालको शान्तिपूर्ण विरोध प्रदर्शन




काठमाडौं । जनता समाजवादी पार्टी, नेपालले देशभरिकै जिल्ला प्रशासन कार्यालय अगाडि शान्तिपूर्ण धर्ना तथा विरोध प्रदर्शन गरेको छ । २८ बुँदे माग सम्बोधनको लागि सरकारलाई दबाब दिन प्लेकार्ड र ब्यानरसहित जसपा नेपालले देशब्यापी रुपमा प्रशासन कार्यालय अगाडि आज शान्तिपूर्ण धर्ना एवं विरोध प्रदर्शन गरेको हो ।

जसपा नेपालको पूर्वघोषित आन्दोलनको कार्यक्रम अनुसार तीनदिनदेखि लगातार देशब्यापी रुपमा जिल्ला प्रशासन कार्यालय अगाडि शान्तिपूर्ण विरोध प्रदर्शन एवं धर्ना दिँदै आएको छ ।

यसअघि, जसपा नेपालले २८ बुँदे माग सार्वजनिक गर्दै त्यसको शीघ्र कार्यान्वयनको लागि प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाईसकेको छ । यही मंसिर १० गतेदेखि जसपा नेपालले माग सम्बोधनको लागि देशब्यापी रुपमा शान्तिपूर्ण आन्दोलन स्वरुप धर्ना, विरोध प्रदर्शन, कोणसभा गर्दै आएको छ ।

जसपा नेपालले संविधान संशोधन/पुनर्लेखन गरी राष्ट्रिय समास्याहरूको समाधान गरी मुलुकलाई निकास दिनु पर्ने, राष्ट्रिय/जातीय पहिचान झल्कने गरी राज्य पुनर्संरचना, जनसङ्ख्याका आधारमा प्रतिनिधित्व हुने व्यवस्था गर्न संसदीय/प्रादेशिक निर्वाचन क्षेत्र पुनर्निर्धारण, जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालिको व्यवस्था, पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गरिनु पर्ने माग गर्दै आएको छ ।

यसैगरी, जेन-जी (युवा पुस्ता) ले आन्दोलनका दौरान उठाएका न्यायोचित माग र मुद्दाहरूलाई सरकारले सम्बोधन गरिनुपर्ने, जेन-जी विद्रोहलाई दवाउन सरकारले गरेको दमनका कारण, भए गरेका हिंसा, हत्या, आगजनी विध्वंश जस्ता क्रियाकलापहरूको छानबीन गरी दोषीमाथि कारबाही गर्न उसले माग गरेको छ ।

शिक्षा र स्वास्थ्य सेवामा भइरहेको माफियाकरण र ब्यापारीकरणको अन्त्य, किसानलाई सहुलियत दरमा कृषि ऋृण उपलब्ध गराई सिँचाई, मल खाद, बिऊ-विजन, किट्नाषक औषधी र कृषि बजारको व्यवस्था गरिनु जस्ता माग जसपा नेपालले उठाएको छ ।

# नेताहरूको लुट, भ्रष्टाचार र ऋण आतंकले नेपाल ग्रेलिष्टमा : प्रभु साह



वीरगन्ज । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले नेताहरुको लुट, भ्रष्टाचार र ऋृण आतंकले नेपाल ग्रेलिष्टमा परेको बताएका छन् । ग्रेलिष्टबाट नेपाललाई बाहिर निकाल्न नसके ब्ल्याक लिष्टमा पर्ने उनले बताए ।

पर्सा जिल्लाको डकैला बहुअरी बाजारमा सोमबार आजपा पर्सा क्षेत्र नं. २ को क्षेत्रिय भेलालाई सम्बोधन गर्दै अध्यक्ष साहले ऋृणैऋृणले नेपालको अर्थतन्त्र ध्वस्त भएको बताए ।

'नेपाल जस्तो सानो मुलुकमा नेताहरुको लुट, भ्रष्टाचार तथा ऋृण आतंकले नेपाल ग्रेलिष्टमा परेको छ । नेपालको बार्षिक बजेट १९ खर्ब तर बैदेशिक ऋृण २८ खर्ब पुगेको छ । हरेक नेपाली जन्मिदै एक लाख ऋृणको भारी टाउँकोमा बोकेर जन्मिनुपर्ने अवस्था छ । ग्रेलिष्टबाट दुई बर्षभित्रमा बाहिर निकाल्नुपर्ने बाध्यता छ तर १० महिना बित्दा समेत कुनै प्रगति छैन् । सरकार यस बारेमा गम्भिर रहेको देखिदैन । ग्रेलिष्टबाट बाहिर नेपाललाई निकाल्न नसकिए भोली नेपालको अवस्था झनझन कमजोर बन्ने निश्चित छ,' आजपा अध्यक्ष साहले भने ।

नेपाल जस्तो सौन्दर्यपूर्ण, प्रकृतिकले धनी, जल, जंगल, जमिन राम्रो भएको मुलुकको अर्थ अवस्था बलियो र शक्तिशाली हुनुपर्ने बताउदै नेताहरुको लुट, भ्रष्टाचारले मुलुकको अर्थतन्त्र ध्वस्त हुदै गएको टिप्पणी उनले बताए । नेपाललाई विश्वकै धनी र शक्तिशाली मुलुक बनाउन सकिने गरी प्रकृतिले बरदान दिएको भए पनि नेताहरुले त्यसलाई लुटेर आफ्नो निजी सम्पती बनाएको साहले बताए ।

'ऋृणैऋृणले नेपालको अर्थतन्त्र ध्वस्त भएको छ । सरकार पिच्छेको कर आतंकले उधोग, व्यापारव्यवसाय चौपट भएको छ । नेपाल विश्वमै एक शक्तिशाली र बलियो अर्थतन्त्र हुने गरी प्रकृतिले बरदान नै दिएको छ हामीलाई । तर नेताहरुले त्यसलाई लुटेर आफ्नो निजी सम्पती बनाएका छन,' आजपा अध्यक्ष साहले भने, 'नेपालको नदीनाला, खोला बेचेका छन, जल, जंगल, जमिन बेचेका छन । त्यसलाई नेपाल र नेपालीको हित हुने गरी, अर्थव्यवस्था बलियो बनाउने गरी प्रयोग नगरी निजी सम्पती जस्तै ठानेर मुलुक लुटेर नेताहरुले अर्थतन्त्र ध्वस्त बनाए । आम जनता जाग्ने, उठने र यस्ता भ्रष्टहरुलाई लखेटने बेला आएको छ ।'

# एनआरएनए एकतालाई प्रभावकारी बनाउन सबै मुद्दा फिर्ता गर्न उपाध्यक्ष साहको आग्रह




काठमाडौं । गैर आवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् (एनआरएनए आइसिसी) का उपाध्यक्ष सुनील साहले संघको एकतालाई सुदृढ पार्न तत्काल सबै पक्षले विभिन्न अदालतमा रहेका मुद्दाहरू फिर्ता लिनु पर्ने जनाएका छन्।

एनआरएनए कार्यसमितिलाई एक पत्र पठाउँदै साहले विभिन्न पक्षले अदालतमा दायर गरेका मुद्दाहरू फिर्ता नलिँदा सम्म विश्वासको वातावरण नबन्ने र भावनात्मक एकता कायम गर्न पनि कठिन हुने बताए।

उनले मुद्दा फिर्ता लिएपछि सदस्यता, प्रतिनिधि प्रणाली (मभभिनबतभ कथक( तझ) तथा अन्य आवश्यक विषयहरूमा स्पष्ट कार्यविधि तयार हुनु पर्ने बताए।

उनले स्टेरिङ कमिटीमा कुनै पनि छलफल वा निर्णय गर्नु अघि कार्यकारी समितिको बैठक बसाल्न पनि सुझाव दिएका छन्। 'यी महत्त्वपूर्ण विषयहरूबारे छलफल गर्न सकेसम्म छिटो कार्यकारी समिति बैठक बोलाइदिनुहुन आदरपूर्वक अनुरोध गर्दछु,' उनले भनेका छन्।

एकीकरण प्रक्रियालाई सही ढङ्गले, सम्मानपूर्वक र पूर्ण पारदर्शितासहित लागू गर्नु हाम्रो सामूहिक जिम्मेवारी हो, साहले पत्रमा भनेका छन्।

यस अघि उनले एनआरएनएमा भएको बृहत् एकताको स्वागत गर्दै विधि, पद्धति र कानुनी दायरामा रहँदै एनआरएनए अभियानलाई तल देखिनै बलियो बनाउनु पर्ने जनाएका थिए।

गत ३० नोभेम्बरका दिन अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा एकता अधिवेशनबाट निर्वाचित महेश कुमार श्रेष्ठ तथा डा बद्री केसीले नेतृत्व गरेको समूहबिच एकताको घोषणा गरिएको थियो। दुवै पक्षबिच संयुक्त रूपमा १२ औं महाधिवेशन गर्ने सहमति भएको छ । उक्त महाधिवेशनलाई पारदर्शी र विश्वसनीय बनाउन ११ सदस्यीय स्टेरिङ कमिटी पनि गठन गरिएको छ ।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**

महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**बलान बिहुल गाउँपालिका**

सप्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**देवानगन्ज गाउँपालिका**

सप्तरी, मधेश प्रदेश

# लैंगिक हिंसामा डिजिटल हिंसा एक प्रमुख चुनौती : उपाध्यक्ष घिमिरे

कपिलवस्तु । राष्ट्रिय सभाका उपाध्यक्ष विमला घिमिरेले लैंगिक हिंसाको सामाना गरिरहेका महिला माथि पछिल्लो समय डिजिटल हिंसा प्रमुख चुनौतीको रुपमा देखा परेको बताउनुभएको छ।



गृह जिल्ला कपिलवस्तुको बाणगंगा नगरपालिकाले आज आयोजना गरेको डिजिटल प्रविधिको सही प्रयोग सम्बन्धी अन्तरकृया कार्यक्रममा बोल्दै उपाध्यक्ष घिमिरेले सूचना-प्रविधिको दुरुपयोग हुँदा युवती, महिला, तेस्रो लिङ्गी तथा संवेदनशील समूहहरू नयाँ प्रकारका हिंसाका शिकार बनिरहेको धारणा राख्नुभएको हो। आक्रमक टिप्पणी, गालीगलौज तथा अपमानजनक प्रतिक्रियाहरूका कारण आज धेरै युवतीहरू सामाजिक सञ्जालमा आफ्नो विचार व्यक्त गर्न डराउँने गरेको भनाई उहाँको थियो। 'डिजिटल हिंसाले व्यक्तिको मानसिक स्वास्थ्यमा मात्र होइन, सामाजिक सहभागिता, आत्मविश्वास, पेशागत अवसर र नेतृत्व क्षमतामा समेत गम्भीर असर पारेको छ।', उहाँले भन्नुभयो 'डिजिटल प्रविधि झनै उन्नत बन्दै जाँदा डिजिटल हिंसाका नयाँ-नयाँ रूप पनि देखा पर्न सक्छन्।, भोलिका दिनमा महिला, नेतृ, पत्रकार, जनप्रतिनिधि तथा सार्वजनिक व्यक्तित्वविरुद्ध चरित्र हत्या गर्न प्रयोग हुन सक्ने सम्भावना अत्यन्त उच्च छ।'

हिंसा जसरी बदलिँदै छ, त्यसलाई रोक्ने हाम्रो रणनीति र प्रतिबद्धतापनि त्यसैअनुसार अद्यावधिक हुनैपर्ने कुरामा जोड दिदैं उपाध्यक्ष घिमिरेले डिजिटल हिंसा कुनै काल्पनिक समस्या होइन, यो अहिलेका युवती, महिला, किशोरी र हजारौँ नागरिकले दैनिक भोगिरहेको वास्तविकता भएको भनाई उहाँको थियो।

कृत्रिम बुद्धिमत्ता एआईमा आधारित साइबर धम्की, गलत सूचना फैलाउने अभियान वा राजनीतिक-सामाजिक असर पार्ने गलत सामग्री निर्माणको जोखिम बढ्दै गएको चर्चा गर्दै उपाध्यक्ष घिमिरेले ब्यक्तिगत विवरण  चोरी र दुरुपयोग गरेर बालबालिका र किशोरीहरूलाई अनलाइन ग्रुमिङ, गेमिंग प्लेटफर्ममार्फत दुर्व्यबहार र मनोवैज्ञानिक शोषणको खतरा बढ्दै गएको बताउनुभयो।

उहाँले नीति, कानुन, सचेतना र प्रविधिगत सुरक्षाको संयोजनमा काम गर्न सकेनौं भने भोलिका दिनमा डिजिटल हिंसाले समाजको संरचना नै हल्लाउने खतरा रहेको तर्फ सचेत गराउनुभएको थियो । डिजिटल प्रविधि  प्रविधिलाई दुरुपयोगबाट सुरक्षित राख्दै समाजको विकासमा सदुपयोग गर्न पनि उपाध्यक्ष घिमिरेले आग्रह गर्नुभएको थियो। 'विद्यालयदेखि विश्वविद्यालयसम्म अनिवार्य साइबर सुरक्षा शिक्षा,महिला तथा युवालाई डिजिटल क्षेत्रमा प्रोत्साहन गर्न राज्य, निजी क्षेत्र र नागरिक समाजबीच सहकार्य र विचारको अभिव्यक्ति स्वतन्त्रता कायम राख्दै, अरूको सम्मान, गोपनीयता र मर्यादालाई प्राथमिकता दिने संस्कृति निर्माण गर्नुपर्ने अहिलेको आवश्यकता हो।' उहाँले भन्नुभयो।

उपाध्यक्ष घिमिरे डिजिटल विश्व तीव्र गतिमा विस्तार भइरहेको तर हाम्रो कानुनी संरचना धेरै अवस्थामा पुरानो, अपूरो वा अस्पष्ट भएकाले साईवर अपराध,व्यक्तिगत सूचना संरक्षण,अनलाइन हिंसा, डिजिटल अधिकार र गोपनीयता, बाल संरक्षण,गलत सूचना, घृणात्मक प्रवचन र भ्रामक सामग्री नियन्त्रण र डाटा र नियमनका लागि पनि सशक्त र अद्यावधिक कानून आवश्यक रहेको धारणा राख्नुभयो।'दोषीलाई कारबाही र पीडितलाई न्याय–साइबर अपराध विविध, जटिल र सीमा नाघ्ने खालका हुन्छन्, त्यसैले स्पष्ट कानुनी ढाँचा अनिवार्य छ।' उहाँले भन्नुभयो, 'गोपनीय सूचना, महत्वपूर्ण संरचना र डिजिटल सीमा सुरक्षित गर्न कानुन अपरिहार्य हुन्छ। विश्वस्तरमा डिजिटल क्षेत्रका मापदण्ड निरन्तर बदलिँदैछन्, नेपालले पनि त्यसअनुसार कानुन अद्यावधिक गर्नैपर्छ।'


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**
धनुषा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**पिपरा गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश





# किसान र कृषिलाई प्राथमिकता दिनसके अर्थतन्त्र माथि उठ्छ : बामदेव गौतम

ललितपुर । नेपाली कम्युनिस्ट पार्टीका वरिष्ठ नेता बामदेव गौतमले किसान र कृषि क्षेत्रलाई प्राथमिकता दिनसके देशको अर्थतन्त्र माथि उठ्ने ठोकुवा गरे । सोमबार ललितपुरमा राष्ट्रिय किसान सञ्जालद्वारा आयोजित कार्यक्रममा किसानहरुको लामो संघर्षबाट समाजवाद उन्मूख संविधान लेख्न सफल भएको समेत दावि गरे ।




राष्ट्रिय किसान सञ्जालका संस्थापक अध्यक्षसमेत रहेका गौतमले कृषकहरुको हक, हित र अधिकार प्राप्त गर्न संविधानमा लिपिवद्ध गरिए पनि त्यसलाई व्यवहारमा लागु गर्न नसक्दा थप संघर्ष गर्नु पर्ने जोडदिए ।

कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका गौतमले आयोजक किसान सञ्जालले गाउँ-गाउँमा गएर कृषिलाई समयानुकुल प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु गरेकोमा धन्यवाद दिदै त्यसलाई निरन्तरता दिने विश्वास गरे ।

गौतमले नेपाली कम्युनिस्ट पार्टीले आगामी निर्वाचनमा प्रष्ट बहुमत ल्याए किसान र कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउँने प्रतिवद्धता व्यक्त गर्दै भने, "हाम्रो पार्टीले कृषि प्रधान देशको नामलाई वास्तविकतामा परिणत गर्ने छ ।"

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का अध्यक्ष चित्रबहादुर श्रेष्ठले राष्ट्रिय किसान सञ्जाललाई एक ढिक्का बनाउँदै किसानका मुद्दाहरु सशक्तरुपमा उठाउदै अघि बढ्ने धारणा व्यक्त गरे।

अखिल नेपाल किसान महासंघका इन्चार्ज बलराम बास्कोटाले सैद्धान्तिकरुपमा पुँजीवादी देशहरुसँग विचार नमिले पनि किसान साझा कार्यक्रमहरुमा सबैसँग सहकार्य गर्दै आएको र त्यसलाई निरन्तरता दिन पति बताए ।

अखिल नेपाल किसान महासंघका अध्यक्ष बलदेव चौधरीले देशको प्राकृतिक स्रोत र साधनलाई उचित व्यवस्थापन गर्न सके ३ करोड नेपाली जनतालाई सजिलैसित खाद्यान्न खुवाउन सकिने बताए ।

अखिल नेपाल किसान महासंघ (अप्फा)का अध्यक्ष भैरव रेग्मीले नेपालको कृषि उत्पादनलाई बजारीकरण गर्नसके किसान आत्मनिर्भर मात्रै नभई देशको आर्थतन्त्रमा टेवा पुग्ने जनाए ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का उपाध्यक्ष मिना तामाङले व्यवसायी कृषिमा महिलाहरुको महत्वपूर्ण सहभागिता रहेको धारणा व्यक्त गरिन् ।

अन्तर्राष्ट्रिय कृषि विकास कोषका नेपाल प्रतिनिधी कमल गैरेले नेपाली किसानहरुले संविधान प्रद्धत्त अधिकारलाई कार्यान्वयन गर्न सशक्त रुपमा अगाडि बढ्नुपर्ने धारणा राखे ।

पर्माकल्चर समूहका अध्यक्ष प्रेम थापाले किसानका कार्यक्रमहरु सोचेजसरी अगाडि बढाउन नसक्दा किसानहरु पछाडि परेको बताए ।

केन्द्रीय चिया सहकारी संघका केन्द्रीय सदस्य सोम आचार्यले सञ्जालले गरेका कार्यक्रम अन्तर्राष्ट्रियरुपमा पनि परिचित हुँदै गएको बताए ।

युवा किसान सञ्जालका अध्यक्ष निर्दोष तिमिल्सिनाले नेपाली कृषिलाई सार्थकरुपमा अगाडि बढाउन सके खाद्यन्नमा परनिर्भर हुन नपर्ने बताए ।

कृषि तथा पशुपन्छि विकास मन्त्रालयका सचिव गोविन्द शर्माले सञ्जालको कार्यक्रमले किसानलाई जागरुक र सरकारलाई समेत प्रेरित गरेको बताए ।

यूरोपियन यूनियनका वरिष्ठ कार्यक्रम अधिकृत मिन हमालले आफूले नेपालको कृषिलाई नजिकबाट निहालिरहेको बताउँदै आयोजकलाई धन्यवाद दिए ।


राष्ट्रिय कृषि सहकारी संघका प्रबन्धक रुद्रबहादुर श्रेष्ठले किसानलाई मुल्य श्रृङखलामा आवद्ध हुन अनुरोध गरे ।

राष्ट्रिय कृषि सहकारी संघका कार्यक्रम संयोजक काजल बज्राचार्यले कार्यक्रमको समग्र परियोजनाको विषयवस्तु प्रस्तुत गरेकी थिइन् ।

अखिल नेपाल किसान महासंघ(क्रान्तिकारी केन्द्र)का महासचिव नहेन्द्र खड्काले सन् २०२१ देखि सञ्जालमार्फत सञ्चालित एसिया प्रसान्त किसान कार्यक्रम र एसियाका लागि किसान संगठनहरु विषयक कार्यपत्र प्रस्तुत गरे ।

राष्ट्रिय किसान सञ्जालका संयोजक समेत रहेका खड्काले राष्ट्रिय किसान सञ्जाललाई थप प्रभावकारी बनाउँदै अघि बढ्ने प्रतिवद्धता व्यक्त गरे ।

# सार्वभौम नागरिक पार्टीको धनुषा जिल्ला संयोजकमा झा



जनकपुरधाम । हालै निर्वाचन आयोगमा दर्ता भएको सार्वभौम नागरिक पार्टीले जनकपुरधामका प्रशान्तकुमार झालाई धनुषा जिल्ला संयोजक बनाएको छ ।

नागरिक अधिकारको संरक्षण, सुशासन, पारदर्शिता र सामाजिक न्यायलाई प्राथमिकतामा राखेर राजनीतिक यात्रा अघि बढाएको संयोजक झाले बताएका छन् । यो पार्टी पूर्वीय दर्शनमा आधारित मध्यममार्गी विचारधारा अपनाएको पनि उनले बताएका छन् । मधेशसहित देशभर नागरिकतन्त्र-केन्द्रित राजनीतिक अभियानलाई तीव्रताका साथ अघि बढाएकोसमेत झाले जनाएका छन् ।

यो पाटीको केन्द्रीय अध्यक्षका रूपमा गणेशकुमार मण्डल रहेका छन् । मधेशी नागरिक समाजको संयोजकका रूपमा सक्रिय रहेका मण्डल मूलधारको राजनीतिमा प्रवेश गरेका हुन् । यो पार्टीले अन्य पार्टीभन्दा पृथक नीतिहरू लिएको छ ।

सदस्यता वितरण नगर्ने, पार्टीको झण्डा बनाउने, भ्रातृ संगठन नबनाउने, चन्दा नउठाउने, आमसभा नगर्ने, फूल टाइम कार्यकर्ता पार्टीको सभापति बन्न नपाउने, केन्द्रमा बाहेक अन्य जिल्लामा कार्यालय स्थापना नगर्ने, स्थानीय तहमा उम्मेदवारी नदिनेलगायत अनौठो र पृथक नीति यो पार्टीले लिएको छ ।

# डिजिटल युगमा हुने हिंसाको बारेमा विशेष सचेतना कार्यक्रम

ललितपुर । प्रविधिको सही प्रयोग: लैगिक हिंसा अन्त्य गरौं । लैगिक हिंसाविरुद्धको १६ दिने अभियन (नोभेम्बर २५ डिसेम्बर १० ) अन्तर्गत शान्ति शिक्षा अभियान नेपाल र किन इन्डिया दिल्लीको संयुक्त आयोजनामा ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ६ सिद्धि मंगल मा.वि, गोदावरी नगरपालिका वडा नं. ५ लेलेको गणेश महिला समूह लगायतका विभिन्न स्कुलका विद्यार्थीहरुको साथै महिला समूहरुलाई डिजिटल युगमा हुने हिंसाको बारेमा विशेष सचेतना कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमको लागि प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोबाटबाट प्र.स.नि प्रकृति खड्काले डिजिटल हिंसाबाट भइरहेको हिंसा र यसबाट कसरी बच्न सकिन्छ भन्ने विषयमा जानकारी गराउनु भएको थियो । यस सचेतना कार्यक्रमको संयोजन भने विश्वकीर्तिमानी सगरमाथा आरोही तथा बाल विवाह रोकथाम र मानव बेचविखन विरुद्धको अभियानका सक्रिय अभियन्ता कल्पना महर्जनले गरेको थियो । अभियन्ता कल्पनाले आजको समाजमा बाल विवाह तथा मानव बेचविखन पनि यस्तै सामाजिक सञ्जालको विभिन्न माध्यमहरुबाट समेत भूमिका खेलिरहेको कारण यस्तो खालको सचेतनाको कार्यक्रमहरु संचलन गर्नु अत्यन्तै आवश्यकता रहेको बताउनुभयो ।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**मटिहानी नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**बसबरीया गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

# नेपाल लाइफको बोनस दर सार्वजनिक

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्सले नयाँ बोनस दर सार्वजनिक गरेको छ । कम्पनीले आर्थिक वर्ष २०८१/८२ का लागि बोनस दर घोषणा गरेको छ । कम्पनीले बीमितलाई प्रतिहजार न्यूनतम ५५ रुपैयाँदेखि अधिकतममा ८५ रुपैयाँसम्म बोनस दर निर्धारण गरेको छ । कम्पनीले गत आर्थिक वर्षको आर्थिक स्थितिको लेखाजोखा र दायित्वको मूल्यांकन सम्बन्धी बीमांकीय प्रतिवेदनका आधारमा २०८१/८२ का लागि नयाँ बोनस दर घोषणा गरेको हो । कम्पनीले सञ्चालनमा ल्याएको मुनाफामा सरिक हुने गरी जारी गरिएको सबै किसिमका जीवन बीमालेख अन्तर्गत नयाँ बोनस दर लागू हुने छ ।

विषम आर्थिक परिस्थितिका बीच पनि नेपाल लाइफले आफ्नो बोनस दरलाई स्थिर राख्न सफल भएको छ । यस अवसरमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले कम्पनीलाई मार्ग निर्देशन प्रदान गर्नुहुने सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरू, कम्पनीमा विश्वास गरी बीमा गर्नुहुने  बीमितहरु, कम्पनीको मेरुदण्डको रूपमा रहनुभएका बीमा अभिकर्ताहरू, कर्मचारीहरू, शेयरधनी महानुभावहरु, नियामक निकायहरू तथा सम्पूर्ण सरोकारवालाहरूमा धन्यवाद ज्ञापन गर्नुभएको छ ।

कम्पनीले लिएका रणनैतिक निर्णयहरुका कारणनै बोनस दरलाई स्थिर राख्न सफल भएको कुरा कम्पनीका प्रमुख कार्यकारी अधिकृत पराजुलीले बताउनु भएको छ ।

सावधिक जीवन बीमालेख (सुरक्षित जीवन, जीवन ज्योति, ग्रामिण सावधिक, सावधिक लघु, केटाकेटी, सुनिश्चित भविष्य तथा शिक्षा जीवन बीमा, जीवन लक्ष्मी, जीवन उदय एकल) अन्तर्गत बीमालेखमा ० देखि १० वर्ष, ११ देखि १५ वर्ष र १६ देखि २० वर्ष अवधिका लागि प्रतिहजारमा ६० रुपैयाँ तथा २१ देखि २५ वर्ष अवधिका लागि प्रतिहजारमा ७० रुपैयाँ, २६ वर्षदेखि ३० वर्षसम्मका र ३० वर्ष माथि अवधिका लागि प्रतिहजारमा ८२ रुपैयाँ कायम गरिएको छ ।

सावधिक जीवन बीमालेख (नौलो सुरक्षित, नौलो केटाकेटी जीवन बीमा) अन्तर्गत बीमालेखमा ० देखि १० वर्ष, ११ देखि १५ वर्ष र १६ देखि २० वर्षका लागि प्रतिहजारमा ६५ रुपैयाँ तथा २१ देखि २५ वर्षका लागि प्रतिहजारमा ७२ रुपैयाँ, २६ वर्षदेखि ३० वर्षसम्मका र ३० वर्ष बढी अवधिका लागि प्रतिहजारमा ८२ रुपैयाँ कायम गरिएको छ ।

सावधिक जीवन बीमालेख (जीवन समुनन्त) अन्तर्गत बीमालेखमा ० देखि १० वर्ष, ११ देखि १५ वर्ष र १६ देखि २० वर्ष अवधिका लागि प्रतिहजारमा ५६ रुपैयाँ तथा २१ देखि २५ वर्ष अवधिका लागि प्रतिहजारमा ६० रुपैयाँ, २६ वर्षदेखि ३० वर्षसम्मका र ३० वर्षभन्दा माथि अवधिका लागि प्रतिहजारमा ७० रुपैयाँ कायम गरिएको छ ।

सावधिक जीवन बीमालेख (सुनौलो भविष्य जीवन बीमा योजना-विकल्प १/विकल्प २) अन्तर्गत बीमालेखमा ० देखि १० वर्ष, ११ देखि १५ वर्ष र १६ देखि १९ वर्ष अवधिका लागि प्रतिहजारमा ६० रुपैयाँ तथा २० देखि २५ वर्ष अवधिका लागि प्रतिहजारमा ६२ रुपैयाँ, २६ वर्षदेखि ३० वर्षसम्म र ३० वर्ष माथि अवधिका लागि प्रतिहजारमा ६५ रुपैयाँ कायम कायम गरिएको छ ।

सावधिक जीवन बीमालेख (सुनौलो भविष्य जीवन बीमा योजना (विकल्प १) एकल बीमाशुल्क) अन्तर्गत बीमालेखमा ० देखि १० वर्ष, ११ देखि १५ वर्ष र १६ देखि १९ वर्ष अवधिका लागि प्रतिहजारमा ५५ रुपैयाँ तथा २० देखि २५ वर्ष अवधिका लागि प्रतिहजारमा ५७ रुपैयाँ, २६ वर्षदेखि ३० वर्षसम्म र ३० वर्ष माथि अवधिका लागि प्रतिहजारमा ६० रुपैयाँ कायम गरिएको छ ।

सावधिक जीवन बीमालेख (केटाकेटी सुनौलो भविष्य जीवन बीमा योजना) अन्तर्गत बीमालेखमा ० देखि १० वर्ष, ११ देखि १५ वर्ष र १६ देखि १९ वर्ष अवधिका लागि प्रतिहजारमा ६० रुपैयाँ तथा २० देखि २५ वर्ष अवधिका लागि प्रतिहजारमा ६२ रुपैयाँ कायम गरिएको छ ।

सावधिक जीवन बीमालेख ( केटाकेटी सुनौलो भविष्य जीवन बीमा योजना एकल बीमाशुल्क) अन्तर्गत बीमालेखमा ० देखि १० वर्ष, ११ देखि १५ वर्ष र १६ देखि १९ वर्ष अवधिका लागि प्रतिहजारमा ६० रुपैयाँ तथा २० देखि २५ वर्ष अवधिका लागि प्रतिहजारमा ६२ रुपैयाँ कायम गरिएको छ ।

सावधिक तथा आजीवन बीमालेख ( जीवन साहारा, अनमोल जीवन) अन्तर्गत बीमालेखमा ० देखि १० वर्ष, ११ देखि १५ वर्ष र १६ देखि २० वर्ष अवधिका लागि प्रतिहजारमा ६० रुपैयाँ तथा २१ देखि २५ वर्ष अवधिका लागि प्रतिहजारमा ७० रुपैयाँ, २६ वर्षदेखि ३० वर्षसम्म र ३० वर्ष माथि अवधिका लागि प्रतिहजारमा ८२ रुपैयाँ कायम गरिएको छ ।

अग्रिम भुक्तानी सावधिक बीमालेख ( जीवन समृद्धि-१५ वर्ष, जीवन समृद्धि-१५ वर्ष) अन्तर्गत बीमालेखमा १५ वर्षे अवधि र २० वर्षे अवधिका लागि प्रतिहजारमा ५६ रुपैयाँ कायम गरिएको छ ।

अग्रिम भुक्तानी सावधिक (धन वर्षा-१५ वर्ष, धन वर्षा-२० वर्ष, नौलो धन वर्षा, जीवन उन्नती, छोराछोरी र सदाबहार जीवन) अन्तर्गत बीमालेखमा ० देखि १० वर्ष, ११ देखि १५ वर्ष, १६ देखि २० वर्ष, २१ देखि २५ वर्ष, २६ वर्षदेखि ३० वर्ष र ३० वर्ष माथि अवधिका लागि प्रतिहजारमा ५६ रुपैयाँ कायम गरिएको छ ।

अग्रिम भुक्तानी सावधिक बीमालेख ( नौलो जीवन सम्बृद्धि)मा अन्तर्गत बीमालेखमा ० देखि १० वर्ष, ११ देखि १५ वर्ष, १६ देखि २० वर्ष, २१ देखि २५ वर्ष अवधि, २६ वर्षदेखि ३० वर्ष र ३० वर्ष माथि अवधिका लागि प्रतिहजारमा ५६ रुपैयाँ कायम गरिएको छ ।

अन्य (जीवन सारथी) अन्तर्गत बीमालेखमा ० देखि १० वर्ष, ११ देखि १५ वर्ष र १६ देखि २० वर्ष अवधिका लागि प्रतिहजारमा ६२ रुपैयाँ तथा २१ देखि २५ वर्षका लागि प्रतिहजारमा ७२ रुपैयाँ, २६ वर्षदेखि ३० वर्षसम्म र ३० वर्ष माथि अवधिका लागि प्रतिहजारमा ८५ रुपैयाँ कायम गरिएको छ ।

# प्राइम बैंकका संस्थापक प्रमुख कार्यकारी अधिकृत मानन्धरको निधन



काठमाडौं । प्राइम कमर्सियल बैंक लि.को संस्थापनादेखि लामो समयसम्म नेतृत्व गर्ने प्रमुख कार्यकारी अधिकृत नारायण दास मानन्धरको ८३ वर्षको उमेरमा आइतबार दुःखद र अकल्पनीय देहावसान भएको छ ।

सन् १९६९ मा भूमि सुधार तथा बचत निगमको शाखा प्रमुखको रुपमा सेवा प्रवेश गर्नु भएका निज मानन्धरले राष्ट्रिय धानचामल कारखानाको प्रमुख कार्यकारी, कृषि विकास बैंक लि.को प्रथम श्रेणीको विभागीय प्रमुख र पछि नायब महाप्रबन्धक, धानचामल निर्यात कम्पनीको महाप्रबन्धक, संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठनमा परामर्शदाता, राष्ट्रिय बाणिज्य बैंकको कार्यकारी सञ्चालक, लुम्बिनी बैंक लि.को प्रमुख कार्यकारी अधिकृत विश्व बैंकको जलविद्युत विकास कोष र नेपाल बङ्गलादेश बैंक लि हुँदै अन्तमा प्राइम कमर्सियल बैंक लि.को प्रमुख कार्यकारी अधिकृतबाट सेवा निवृत्त हुनु भएको थियो ।

नेपालको आर्थिक तथा बैंकिङ्ग इतिहासमा वहाँ जत्तीको दीर्घ सेवाकासाथ यति महत्वपूर्ण भूमिकाका निर्वाह गर्नु हुने व्यक्तित्व विरलै हुनु हुन्छ । वहाँको देहावसानबाट नेपालको आर्थिक जगतले एक नक्षत्र गुमाई अपूरणीय क्षति व्यहोर्नु परेको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत संजीव मानन्धरद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'हामी वहाँको आत्माको मोक्षकासाथ चीर शान्तिको कामना गर्दछौं । यस दुःखद परिस्थितिमा वहाँको आफन्त परिवारजन तथा यस प्राइम कमर्सियल बैंक लि. परिवारलाई परमेश्वरले धैर्यधारण गर्न शक्ति प्रदान गरुन ।'

# भ्रष्ट शिर्ष नेतालाई कारबाही खोइ ? भन्दै शान्ति समाजको प्रदर्शन



काठमाडौं । भ्रष्टाचार विरुद्ध अन्तराष्ट्रिय दिवस ९ डिसेम्वर मंसिर २३ गतेका दिन मानव अधिकार तथा शान्ति समाजले विभिन्न जिल्लामा प्रदर्शन गरेको छ । "भ्रष्ट पात्र र प्रवृत्तिलाई इतिहासले खारेज गरिसक्यो, शिर्ष भ्रष्ट पात्रलाई दण्डित गर्नु सुशासनको माग हो, भ्रष्ट शिर्ष नेतालाई कारबाही खोइ?, नयाँ सरकार पनि पुरानै मार्गमा अग्रसर किन?, सुशासनका लागि आर्थिक दण्डहीनता अन्त्य गर "भन्दै काठमाडौं, रुपन्देही, सुर्खेत, नवलपुर, चितवन, दाङ, गुल्मी, अछाम, कास्की, सल्यान, महोत्तरी, म्याग्दी, झापा, मोरङ, पाल्पा, तेह्रथुम, पर्सा, गरी १७ जिल्लामा मंसिर २३ गते  प्रदर्शन भएको हो ।

यसै क्रममा शान्ति समाज काठमाडौं शाखाद्वारा दिउँसो १ बजेदेखी माइतिघर मण्डलामा १ घण्टासम्म भएको प्रदर्शनमा संस्थापक सभापति कृष्ण पहाडी, सभापति रेनुका पौडेल, निवर्तमान सभापति रामकृष्ण बराल, पूर्व सभापति होमकान्त चौलागाई, सल्लाहकार रामप्रसाद जोशी, सचिव दिवाकर पुडासैनी, सदस्यता अपिल समिति संयोजक किरण ढकाल, केन्द्रीय सदस्यहरु नम्रता खरेल, उमा गौतम र मणिराम दाहाल, काठमाडौं शाखा सभापति बिकास थापा,  कोषाध्यक्ष नवराज चपागाई, पुर्व सभापति ईश्वर पूडासैनी, शाखा कार्यसमिति सदस्यहरु रिता अधिकारी, सरस्वती गुरागाई, सिता घिमिरे, नरेन्द्र श्रेष्ठ, परशुराम आचार्य, ललितपुर शाखा सभापति बाबुराम न्यौपाने, आजीवन सदस्यहरु जयराम पुडासैनी, मनबहादुर थापा, तुलसीराम भण्डारी, राजकुमार श्रेष्ठ लगायत अधिकारकर्मीहरुको सहभागिता थियो ।

यसैगरी ७७ औ मानव अधिकार दिवसका सन्दर्भमा शान्ति समाज काठमाडौं शाखाले मंसिर १७ देखी २३ सम्म अपाङता भएका व्यक्तिको अधिकार देखी जलवायु न्याय सम्म केन्द्रित रही सप्ताहव्यापी कार्यक्रम आयोजना गरेको थियो ।



# लुम्बिनीमा भारत-नेपाल सांस्कृतिक महोत्सव सम्पन्न



काठमाडौं । नेपालस्थित भारतीय राजदूतावासको आयोजना तथा लुम्बिनी विकास कोष र लुम्बिनी बौद्ध विश्वविद्यालयको सहकार्यमा लुम्बिनीमा भारत-नेपाल सांस्कृतिक महोत्सवको तेस्रो संस्करण भव्य रूपमा सम्पन्न भएको छ ।

सोमबार आयोजित यस महोत्सवले विशेषगरी बौद्ध धर्म र साझा सांस्कृतिक सम्पदालाई केन्द्रमा राख्दै दुई मुलुकबीचको ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई उजागर गरेको छ ।

महोत्सवको उद्घाटन लुम्बिनी प्रदेशका प्रदेश प्रमुख कृष्णबहादुर घर्ती मगर, भारतका विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावर, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा तथा भारतीय राजदूतावासका नियोग उप-प्रमुख डा. राकेश पाण्डेले संयुक्त रूपमा गरेका थिए । कार्यक्रममा नागरिक समाजका प्रतिनिधि, शिक्षाविद्, वरिष्ठ भिक्षुहरू र लुम्बिनी विकास कोषका सदस्यहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

कार्यक्रममा भारत र नेपालका ख्यातिप्राप्त कलाकारहरूले सांस्कृतिक प्रस्तुतिमार्फत दर्शकलाई मन्त्रमुग्ध पारे । सन्ध्या कुञ्जन मेनन दासको नेतृत्वमा छ सदस्यीय आईसीसीआर समूहले बौद्ध विषयवस्तुमा आधारित ओडिसी नृत्य प्रस्तुत गऱ्यो, जसले बुद्ध दर्शन र कला परम्पराको सुन्दर संयोजन देखायो । त्यस्तै, साँझको सांस्कृतिक सत्रमा नेपाली ब्यान्ड 'घुगु मुगु'ले परम्परागत तथा लोकप्रेरित संगीत प्रस्तुत गर्दै कार्यक्रमलाई थप आकर्षक बनायो ।

महोत्सवको एक महत्वपूर्ण अंशका रूपमा सोही दिन बिहान लुम्बिनी बौद्ध विश्वविद्यालयमा "इन्डिया-नेपाल बुद्धिस्ट हेरिटेज: अ कमन लिगेसी" शीर्षकमा शैक्षिक गोष्ठी आयोजना गरिएको थियो ।

गोष्ठीमा दुवै देशका प्रतिष्ठित बौद्ध विद्वानहरूले बौद्ध सम्पदाले भारत-नेपाल सम्बन्ध सुदृढ गर्न खेलेको भूमिकाबारे विचार विमर्श गर्दै जनता-जनताबीचको सम्बन्ध प्रगाढ बनाउन यसको महत्त्वमाथि जोड दिएका थिए ।

आयोजकका अनुसार यस प्रकारका सांस्कृतिक तथा बौद्ध केन्द्रित कार्यक्रमहरूले नेपाल र भारतबीचको गहिरो ऐतिहासिक, धार्मिक र सांस्कृतिक बन्धनलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

# भारतीय अतिरिक्त सचिव मुनु महावरद्वारा नेपालका उच्च अधिकारीसँग भेटवार्ता



काठमाडौं । भारतका अतिरिक्त सचिव मुनु महावरले नेपालका उच्च अधिकारीसँग मंगलवार भेटवाता गरेका छन् । उनले प्रधानमन्त्री सुशीला कार्कीसँग शिष्टाचार भेट गर्दै दुई देशबीचको सहकार्य र साझेदारीको प्रगति तथा सम्भावनाबारे कुराकानी गरेका थिए।

भेटवाताको क्रममा महावरले मन्त्रीहरूसँग पनि अलग-अलग भेटवार्ता गरेका छन् । जसमा उपप्रधान तथा अर्थ, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री रामेश्वर खनाल, ऊर्जा, जलस्रोत तथा सिंचाइ, शहरी विकास तथा भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङ, गृहमन्त्री ओमप्रकाश अर्याल, उद्योग, वाणिज्य तथा आपूर्ति, कानून, न्याय तथा संसदीय मामिला, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री अनिलकुमार सिन्हा, सूचना तथा प्रविधि मन्त्री जगदीश खरेल र विदेश सचिव अमृतबहादुर रायसँग भेटवाता गरेका छन् ।

भेटवार्तामा भारत-नेपाल सहकार्यको समीक्षा गरिनुका साथै आपसी साझेदारीलाई अझ मजबुत बनाउने सम्भावित क्षेत्रहरू पहिचान गरिएको जनाइएको छ।

# गृहमन्त्री अर्यालसँग भारतीय विदेश मन्त्रालयका अतिरिक्त सचिव महावरको शिष्टाचार भेट



काठमाडौं । गृहमन्त्री ओमप्रकाश अर्यालसँग भारतीय विदेश मन्त्रालयका अतिरिक्त सचिव ( उत्तर मामिला हेर्नुहुने) मुनु महावरले शिष्टाचार भेटवार्ता गरेका छन्।

गृह मन्त्रालयमा मङ्गलवार भएको भेटमा उनहरूबीच नेपाल( भारतबिच कायम रहेको द्विपक्षीय सम्बन्ध र आपसी हितका बारेमा कुराकानी भएको छ।

आइतबार नेपाल आइपुगेका महावर र गृहमन्त्री अर्यालबिच आगामी फागुन २१ गतेका लागि निर्धारण गरिएको प्रतिनिधि सभा सदस्य निर्वाचन सम्पन्न गर्न पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । यस्तै, आगामी निर्वाचनका लागि आवश्यक पर्ने स्रोत साधन र सुरक्षा निकायलाई आवश्यक पर्ने बन्दोबस्त सामग्रीका सुनिश्चितता गर्नेबारे पनि अतिरिक्त सचिव महावरले व्यक्त गरे ।

त्यस्तै, भेटमा अतिरिक्त सचिव महावरले जाजरकोट भूकम्पपछिको पुनर्निर्माण तथा विभिन्न विपद बाट क्षति भएका संरचनाहरूको पुनर्स्थापना र व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता जनाए ।

भैरहवामा निर्माण हुँदै गरेको एकीकृत जाँच चौकीको निर्माण र नेपालमा भारतीय लगानीमा सञ्चालित परियोजनालाई समयमै सम्पन्न गर्न सघाउने समेत विचार उनले राखे । यस्तै भेटमा अतिरिक्त सचिव महावरले गृहमन्त्री अर्याललाई उपयुक्त समयमा भारत भ्रमणको निम्तोसमेत दिए ।

भेटकै क्रममा गृहमन्त्री मन्त्री अर्यालले दोधारा(चाँदनीमा निर्माणाधीन सुक्खा बन्दरगाह निर्माणको कामलाई पनि तीव्रता दिन पर्नेमा चासो व्यक्त गरे ।

भेटमा गृह मन्त्री अर्यालले अहिलेको सरकार सुशासन, कानुन कार्यान्वयन, सेवा प्रवाह र जनताको अमन चयन र अपराध नियन्त्रणमा प्रभावकारी भूमिका खेलेको बताए । साथै, सीमा क्षेत्रमा हुने अपराध, चोरी डकैती, अवैध वस्तु व्यापारको ओसारपसारमा नियन्त्रण र आपराधिक गतिविधि नियन्त्रण गर्नका लागि दुवै पक्षका सुरक्षा निकायहरूको क्षमता अभिवृद्धि गर्ने, काउन्टर पार्टहरूमा सूचना आदानप्रदान प्रभावकारी बनाउनु पर्नेमा जोड दिए ।

यस्तै भेटमा मन्त्री अर्यालले काभ्रेको पनौतीमा बन्दै गरेको नेपाल प्रहरी प्रतिष्ठानको निर्माण कार्यलाई दुवै पक्षबाट तीव्रता दिनुपर्ने विचार व्यक्त गरे ।


## सार्वजनिक सेवालाई भ्रष्टाचारमुक्त बनाऔं

- आफ्नो काम कानूनी प्रक्रिया र नियमअनुसार गरौं,
- उपहार दिने र लिने नगरौं,
- सेवाग्राहीलाई अनावश्यक दुःख दिने कार्य नगरौं,
- सेवा दिन कुनै ढिलासुस्ती नगरौं,
- घुस लिने र दिने दुवै अपराधी हुन्,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई कारबाही गरौं,
- भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं,
- अनियमितता भएको देखेमा तुरुन्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोल-फ्री नम्बर १०७ वा सम्बन्धित निकायमा सम्पर्क गरौं ।

**भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाऔं, सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाऔं ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**







**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं